दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३६ | अंक १९६ | बुटवल | २०८१ असार २९, गते शनिबार | नेपाल संवत ११४४ | Saturday July 13, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

पहिरोको बितण्डा :

# बस बगाउँदा ६० जना बेपत्ता,१३ जनाको मृत्यु

**लुम्बिनी संवाददाता**
*चितवन*

अविरल वर्षापछि आएको पहिरोका कारण विभिन्न ठाउँमा भएका घटनामा ६० जना बढी बेपत्ता भएका छन् भने कम्तीमा १३ जनाको मृत्यु भएको छ।

चितवनको सिमतालमा दुई वटा यात्रुवाहक बसलाई पहिरोले बगाउँदा एर त्रिशुली नदीमा खसाल्दा कम्तीमा ६० जना यात्रु बेपत्ता भएका छन् । नारायणगढ-मुग्लिन सडकको सिमलतालमा लेदोसहितको पहिरोमा परेका दुवै बस त्रिशूली नदीमा खसेको आशंका प्रहरीले गरेको छ। ती बसमा चालकसहित करिब ६५ यात्रु रहेको अनुमान छ।

घटनास्थलमा पुगेका चितवनका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवका अनुसार शुक्रबार  बिहान करिब साढे तीन बजेतिर वीरगञ्जबाट काठमाडौंतर्फ गइरहेको बागमती प्रदेश १५१६ नम्बरको एञ्जल डिलक्स लेखेको बस र काठमाडौंबाट गौरतर्फ जाँदै गरेको प्रदेश-०३-००१ ख २४९५ नम्बरको गणपति डिलक्स लेखेको बस भरतपुर महानगरपालिका वडा नम्बर २९ सिमताल भन्ने स्थानमा पहिरोमा परेका थिए।

यादवका अनुसार गौर जाँदै गरेको बसमा ४१ र काठमाडौं जाँदै गरेको बसमा २४ जना यात्रु रहेको अनुमान छ। यद्यपि यात्रुहरुको यकिन विवरण भने थाहा हुन सकेको छैन।

दुवै बस र यात्रुहरुको अवस्था अज्ञात छ। पानीको चाप अत्यधिक र धमिलो भएकाले चुम्बक फालेर बसको खोजी सुरु गरिएपनि शुक्रबार साँझ यो खबर तयार गर्दासम्म बस र यात्रु फेला नपरेको सशस्त्र प्रहरीले जनाएको छ।

**तीन यात्रु भने पौडी खेलेर किनारामा निस्किएका थिए।**

**कास्कीमा पहिरोले ९ जनाको मृत्यु**

अविरल वर्षाका कारण पहिरो जाँदा कास्कीमा एकै परिवारका ७ जनासहित ९ जनाको मृत्यु भएको छ भने २ जना बेपत्ता भएका छन्।

पोखरा-महानगरपालिका वडा नम्बर १९ पुरनचौरमा एकै परिवारका ७ जनाको पहिरोमा पुरिएर मृत्यु भएको छ। बिहीबार राति सवा १० बजेतिर खसेको पहिरोमा पुरिएर ४७ वर्षीय कुलबहादुर परियार, उनको पत्नी ४३ वर्षीया मनकुमारी, ८५ वर्षीया आमा लक्षिमा, छोरी १५ वर्षीय प्रशना, २० वर्षीया प्रभा, ज्वाइँ २५ वर्षीय अस्मित परियार र तल्लाकोट बस्न राधिका परियारको ज्यान गएको कास्की प्रहरी प्रवक्ता तथा डिएसपी वसन्तकुमार शर्माले जानकारी दिए। छोरीज्वाइँसहित सबै परिवार नै घरमा जम्मा भएर बसिरहेका बेला खसेको पहिरोले पुरेको र राधिकाको चाहिँ उद्धार गर्न खटिएकै क्रममा मृत्यु भएको शर्माले बताए। यसैगरी पोखरा-३२ मा चैनपुरमा आरती ओझाको घर पहिरोले पुरिँदा १८ वर्षीया अनिता ओझा र ९ वर्षीय प्रतिक सुवेदीको मृत्यु भएको प्रहरीले जनाएको छ। ११ वर्षीया अनुस्का ओझा बेपत्ता छिन्।



यस्तै मादी गाउँपालिका वडा नम्बर ११ मा पहिरोमा पुरिएर ८० वर्षीया माइतीकुमारी गुरुङ पनि बेपत्ता छिन्। ओमबहादुर गुरुङलाई सकुसल उद्धार गरिएको प्रहरीले जनाएको छ। मृत्यु भएका सबैको शव पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पोस्टमार्टमका लागि राखिएको छ।

**घर पुरिंदा दुई जनाको मृत्यु**

उता म्याग्दीको धौलागिरि गाउँपालिका-७ ताकममा पहिरोमा घर पुरिंदा दुई जनाको मृत्यु भएको छ।

घर पुरिंदा तुलप्रसाद र उनीकी श्रीमती बालकुमारी न्यौपानेकाशुक्रबार बिहान मृत्यु भएको ताकम प्रहरीचौकीका प्रहरी सहायक निरीक्षक रमेशप्रसाद अधिकारीले जानकारी दिए।

**गुडिरहेको बसमाथि ढुंगा खस्दा चालकको मृत्यु**

निरन्तर वर्षाका बीच बुटवलबाट काठमाडौं जाँदै गरेको लु २ ख ६५६६ नम्बरको बस चितवनको भरतपुर महानगरपालिका-२९ स्थित १७ किलो भन्ने स्थानमा पुग्दा माथिबाट खसेको ढुंगा चालकको टाउंकोमा लाग्दा चालकको मृत्यु भएको छ। बिहीबार राति रुपन्देहीको बुटवलबाट ३० जनाभन्दा बढी यात्रु लिएर गएको  बसमक चालक नवलपरासीको सुनवल नगरपालिका-४ घर भएका ३६ वर्षीय मेघराज विकको मृत्यु भएको हो।  टाउकोमा ढूलो ढुंगो बज्रेपछि गम्भीर घाइते विकलाई उपचारका लागि चितवनको भरतपुरस्थित चितवन मेडिकल कलेज पुऱ्याइएकोमा उपचारका क्रममा बिहान ४ बजेतिर डाक्टरले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरी प्रवक्ता डीएसपी भेषराज रिजालले जानकारी दिए। चितवन प्रहरीलाई यात्रुले बताएअनुसार चालक विकले दुखेको तोडमा पनि बस चलाइरहे र ५० मिटरजति पर लगेर ब्रेक लगाउन भ्याए। चालक विकले ब्रेक लगाउन भ्याएकै कारण बस रोकियो र सवार ३० जनाभन्दा बढीको ज्यान जोगियो।

**थाई गुम्बा भत्किंदा बालिकाको मृत्यु**

उता दक्षिणकाली नगरपालिका-५ डोल्लुस्थित थाई गुम्बा भनिने कर्मास्यामदेलिङ नुनुरी आनी थाई गुम्बाको पर्खाल भत्किँदा घाइते भएकी एक नाबालिकाको मृत्यु भएको छ। मृत्यु हुनेमा हुनेमा ५ वर्षीया पल्जोम तामाङ छिन्। उनको  दक्षिणकालीकै मनमोहन अस्पतलामा उपचारका क्रममा मृत्यु भएको  काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका एसएसपी तथा प्रवक्ता दिनेशराज मैनालीले जानकारी दिए।

**'रेड एड्भाइजरी' का दिन रात्री बस चलाउन नपाइने**

रात्री बस पहिरोमा परेर ठूलो जनधनको क्षति हुन थालेपछि 'रेड एड्भाइजरी' (उच्च जोखिमको सूचना) जारी भएका दिन तोकिएका जिल्लाहरूमा रात्रिकालीन सवारी चलाउन नपाइने भएको छ।

शुक्रबार गृह मन्त्रालयको विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखामा बसेको बैठकले उक्त निर्णय गरको हो। जल तथा मौसम विज्ञान विभागबाट 'रेड एड्भाइजरी' जारी भएका जिल्ला र क्षेत्रहरूमा तत्तत् दिनमा रात्रिकालीन सवारी नचलाउने निर्णय भएको छ। यसको कार्यतालिका यातायात व्यवस्था विभाग र यातायात व्यवसायीहरूले मिलाउने गृह मन्त्रालयको विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा प्रमुख डा. भीष्मकुमार भूसालले जानकारी दिए। यो निर्णयसँग बाढी-पहिरो आउनसक्ने सम्भावनाको सूचना जारी भएको राति सवारी चलाउन पाइने छैन।

यसअघि सुरुमा गृहले बर्खायामभर रात्रिकालीन सवारी नचलाउने प्रस्ताव गरेको थियो। तर यातायात व्यवसायीले उक्त कुरा वैज्ञानिक नभएको बताए। त्यसैगरी अबदेखि लामो तथा मध्यम दूरीमा यात्रा गर्दा टिकट अनिवार्य गरिएको छ। पहिरो जाने तथा डुबान हुने सम्भावना देखिएका जोखिमयुक्त क्षेत्रमा सडक विभाग र ट्राफिक प्रहरीले जोखिमका संकेत चिह्नहरू राख्ने निर्णयसमेत भएको छ। त्यसैगरी यातायात व्यवसायी एवं यात्रु तथा चालकले सडक अवरुद्ध भएका स्थानहरूको जानकारी लिई त्यस स्थानमा पुग्नु अगावै सुरक्षित एवं खाद्यान्न, शौचालय लगायतको व्यवस्था भएका स्थानमा सवारी रोक्नुपर्ने निर्णय पनि गरिएको भूसालले जानकारी दिए।

## प्रधानमन्त्रीको कार्यभार प्रचण्डलाई



काठमाडौं । राष्ट्रपति रामचन्द्र पौडेलले अर्को सरकार गठन नभएसम्म मन्त्रिपरिषद्ले गर्ने कार्य सञ्चालनको जिम्मेवारी प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई तोक्नुभएको छ।

प्रतिनिधिसभामा विश्वासको मतका लागि राख्नुभएको प्रस्ताव संसदबाट पारित हुन नसकेको व्यहोरा सभामुखबाट प्राप्त भएपछि राष्ट्रपति पौडेलले मन्त्रिपरिषद्को कार्यभार प्रचण्डलाई नै तोकेका छन्।

राष्ट्रपति पौडेलले संविधानको धारा ७७ को उपधारा ३ बमोमिज अर्को मन्त्रिपरिषद् गठन नभएसम्म यही मन्त्रिपरिषद्ले कार्य सञ्चालन गर्नेगरी जिम्मेवारी तोकेको राष्ट्रपति कार्यालयका प्रवक्ता शैलजा रेग्मी भट्टराईले जानकारी दिए।

अविरल वर्षाको प्रभावः

## बाढीपहिरोबाट एक सय तीनको मृत्यु



बुटवल। अविरल वर्षाको कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी, पहिरो लगायतका विपद्मा परी शुक्रबार दिउँसोसम्म १ सय ३ जनाको मृत्यु भएको छ।

बाढी, पहिरो लगायतका विपद्मा परी काठमाडौं उपत्यकामा १ जना, कोशी प्रदेशमा १९ जना, मधेश प्रदेशमा ५ जना, बागमती प्रदेशमा ६ जना, गण्डकी प्रदेशमा ३८ जना, लुम्बिनी प्रदेशमा २३ जना, कर्णाली प्रदेशमा ४ जना र सुदूरपश्चिम प्रदेशमा ७ जना गरी जम्मा १ सय ३ जनाको मृत्यु भएको हो।

साथै काठमाडौं उपत्यकामा ३ जना, कोशी प्रदेशमा ३१ जना, मधेश प्रदेशमा ८ जना, बागमती प्रदेशमा ४ जना, गण्डकी प्रदेशमा २८ जना, लुम्बिनी प्रदेशमा ९ जना, कर्णाली प्रदेशमा १५ जना र सुदूरपश्चिम प्रदेशमा ११ जना गरी जम्मा १ सय ९ जना घाइते भएका छन्। घाइतेहरूलाई उपचारको लागि स्थानीय अस्पताल लगिएको छ। साथै कोशी प्रदेशमा ४१ जना, गण्डकी प्रदेशमा १२ जना गरी जम्मा ५३ जनाको उद्दार गरिएको छ। बाढी पहिरोमा परी कोशी प्रदेशमा २ जना, बागमती प्रदेशमा २ जना र गण्डकी प्रदेशमा १ जना र सुदूरपर्शचिम प्रदेशमा १ जना गरी ६ जना वेपत्ता भएका छन्। वेपत्ताको खोजी कार्य जारी छ।

बाढीको कारण जम्मा १ सय ८२ घर डुबानमा परेका छन्। १ सय ८९ वटा घर, ७२ वटा गोठ, ४१ वटा पुल, १ वटा विद्यालय र २ वटा सरकारी कार्यालयमा क्षति पुगेको छ। ५ सय ९ वटा पशु चौपायको मृत्यु भएको छ। उक्त अवधिमा विपद्का घटनाबाट ३ हजार ५ सय ४७ घर परिवार विस्थापित भएका छन्।

साथै बाढी पहिरोको जोखिममा रहेका विभिन्न जिल्लाका विभिन्न घर परिवारलाई सुरक्षित स्थानमा राख्ने, पहिरोमा पुरिएका धनमाल निकालेर सुरक्षा गर्ने काम समेत विभिन्न निकाय र स्थानीयबासीको समन्वय र सहयोगमा गर्नुका साथै विभिन्न स्थानमा भएको बाटो अवरोध हटाउने कार्य समेत प्रहरीले गरिरहेको जनाएको छ।



दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर

२०८१ असार २९ गते, शनिबार

तपाईंका लागि...

**बिट्विन द लाइन्स्...**

"कहिलेकाँही मान्छेहरू सत्य सुन्न इन्कार गर्छन् किनभने उनीहरू आफ्ना भ्रमहरू भताभुंग भएको हेर्न अनिच्छुक छन्।"

फ्रेडरिक नित्से

निबन्ध

# सत्यबारे सत्य



दिल साहनी

सत्य सितिमिती हजम हुन नसक्ने कुरा हो। पच्न नसक्ने कुरा हो। यद्यपी यसलाई अन्ततः हजम नगरी सुख छैन। स्वीकार नगरी पन्छिन मिल्दैन। झुठ टिक्दैन। सत्य डग्दैन। संसारमा जति सत्य कुरा छन् ती असत्य कुरासित ठूलो संघर्ष गरेर मात्र स्थापित भएका छन्। ठूला लडाईं लडेर मात्र स्थापित हुँदै गइरहेका छन्। यद्यपी यो कुरा पनि सत्य हो। सत्य निरपेक्ष हुँदैन। सापेक्ष हुन्छ। सत्य देश काल परिस्थिति सापेक्ष हुन्छ। जुन कुरा हिजो सत्य थियो आज त्यो सत्य नहुन पनि सक्दछ। जुन कुरा आज सत्य छ त्यो भोलि असत्य पनि हुन सक्दछ। हिजो सूर्य पृथ्वीको वरिपरि घुम्दछ भन्ने कुरा सत्य थियो। आज पृथ्वी सूर्यको वरिपरि घुम्दछ भन्ने कुरा सत्य हो। जुन कुरा नेपालको लागि सत्य छ त्यो अमेरिकाको लागि सत्य नहुन सक्दछ। नेपालमा दिन हुँदा अमेरिकामा रात हुन सक्दछ। सत्यलाई सम्पूर्ण रूपमा पनि देख्न पर्ने हुन्छ। अंशलाई देखेर पूर्ण देखेको दाबी गर्नु हुँदैन। सत्यलाई एक पक्षीय रूपमा हेर्न हुँदैन। निश्चित रूपमा त्यसलाई सम्पूर्णतामा देख्न पर्ने हुन्छ। सम्पूर्णतामा बुझ्न पर्ने हुन्छ। यद्दिप यो कठिन कुरा हो। जटिल कुरा हो। यस सम्बन्धमा माआले भनेका छन् मान्छेहरूले पात देखेको तर रुख नदेखेको पनि हुन सक्दछन्। रुख देखेको तर जंगल नदेखेको पनि हुन सक्दछन्। कहिले हामीले प्रतिशतको आधारमा पनि सत्यको निरुपण गर्नु पर्ने हुन्छ। कुनै मान्छे ४९ प्रतिशत खराब र ५१ प्रतिशत राम्रो छ भने उसलाई हामीले राम्रो मान्छे भन्नु पर्ने हुन्छ। कुरो यस्तो छ।

सत्यको सम्बन्धमा एउटा अफ्रिकाको लोककथा पनि निकै महत्वपूर्ण देखिन्छ। त्यसमा के भनिएको छ भने सत्य भन्ने कुरो पहाडमाथि भएको चरोले प्रतिविम्वित गर्दथ्यो। एकपल्ट एक जना मान्छे सत्य पता लगाउनको लागि सत्यको चरोलाई भेट्न भनेर पहाडको चुचुरामा पुग्न खोजेछ। पहाड चढ्न खोजेछ। ऊ बाटो खन्दै बनाउँदै बल्ल बल्ल पहाडको चुचुरोलाई छुन पुगेछ। पहाडको चुचुरो स्पर्श गर्ने बेलासम्म ऊ निकै बुढो भैसकेको रहेछ। पहाडको चुचुरोमा पुग्दा उसले के देखेछ भने उसको अगाडि अझ अग्ला अग्ला पहाड उसलाई चुनौती दिँदै खडा रहेका छन्। एउटा पहाडको चुचुरामा पुगेर मर्न थाल्दा थाल्दै माथिबाट खसेको चरोको एउटा रौंलाई ऊ स्पर्श गर्न पुगेछ। चरोले सम्पूर्ण सत्यलाई प्रतिनिधित्व गर्दथ्यो। रौंले त्यसको अत्यन्त सानो भाग। अत्यन्त सुक्ष्म अंश। जे होस्, जीवनभरिको ठूलो संघर्ष र प्रयासले त्यस व्यक्तिले सत्यको एउटा रौंसम्म पता लगाउन सकेछ। उसले मर्दा मर्दै भनेछ– मैले बाटो खन्दै यहाँसम्म पुगेर सत्यको एउटा रौं सम्म पता लगाएको छु। अब सत्य पता लगाउन अघि बढ्ने मान्छे मैले बनाइदिएको बाटो हुँदै अझ अघि बढी अझ बढी सत्य पता लगाउन सक्ने छन्। सत्य पता लगाउने यस अभियानले निरन्तरता लिने छ।

कति परिस्थितिमा सत्य कुरा असत्य भए पनि सत्य मान्नु पर्ने पनि हुँदो रहेछ। यसको उदाहरणको लागि रुसी कथाकार लिउ टल्सट्वाएको लघु कथा अघि सार्न सकिन्छ। यस कथामा भनिएको छ एकपल्ट बाघले लखेटिरहेको व्याँसोआफ्नो ज्यान बचाउन झाडीको बाटो हुँदै भागिरहेको रहेछ। त्यतिबेला झाडीमा बसको स्यालले भनेछ – यता नआ। यो मेरो ठाउँ हो। त्यतिबेला ज्यान जोगाउन भागिरहेको व्याँसोले भाग्दा भाग्दै भनेछ – यदि मसित प्रशस्त समय हुन्थ्यो भने म तँलाई ठीकसित बताइदिन्थें यो कसको ठाउँ हो। तर यतिबेला तैंले भनेको कुरा नै ठीक हो।

सत्य पता लगाउने सन्दर्भमा प्राचीनकालका सात बुद्धिमानमध्ये एक बुद्धिमान ग्रिकका दार्शनिक सोक्रेटिज (४७०–३९९ ई.पू) ले आफ्नो ज्यान समेत गुमाउनु परेको थियो। उनलाई विष पान गरेर ज्यान त्याग्नु परेको थियो। उनी विश्वका प्रथम दार्शनिक शहीद हुन पुगेका थिए। भनिन्छ उनलाई मृत्यु दण्डको सजाय दिनलाई उनीमाथि मुद्दा चलाएको थियो। उनीमाथि लागेको अभियोग थियो उनले ग्रिकले परम्परादेखि पुज्दै आएका देवतालाई मानेनन्। पुजेनन्। उनले नयाँ देवताको स्थापना गर्न खोजे। उनले युवा वर्गलाई भडकाए। उनीहरूलाई भ्रष्ट पारे। उनीमाथि ३९९ ई. पू. चलेको मुद्दाको सुनवाई ५०० जुरीले गरेका थिए। ५०० मध्ये २८० जुरीले उनलाई दोषी ठहर गरेका थिए भने २२० जुरीले उनलाई निर्दोष ठहर गरेका थिए। यसरी उनलाई बहुसंख्यक जुरीको ठहर बमोजिम मृत्य दण्ड दिइएको थियो। राज्य उनले आफ्नो विचार फिर्ता लिएमा उनलाई भरसक मृत्यु दण्ड नदिने सोंचमा थियो। आफ्नो विचार फिर्ता लिन उनका चेलाले अनुरोध पनि गरेका थिए। तर सोक्रेटिज त्यसको लागि तयार भएनन्। उनले भने उनी कुनै हालतमा पनि आफ्ना बिचार परित्याग गर्न तयार छैनन्। उनले के पनि भने भने उनी मरे पनि उनको विचार मर्दैन। उनले जेलरले निकै दुखित हुँदै दिएको विष हेमलक पिएर मृत्यु वरण गरे। उनको मृत्युको घडीको मार्मिक चित्रण गर्दै सोक्रेटिज (सुकरात) का चेला प्लेटोले जुन रिपोर्ट लेखेका छन् त्यो विश्व साहित्य कै एउटा उत्कृष्ट कृति मान्न सकिन्छ। त्यस जीवन्त लेखन वा रिपोर्टलाई मास्टर पिस भन्न सकिन्छ।

जिउसेन्टरिक (पृथ्वीलाई विश्व ब्रह्मण्डको केन्द्र मान्ने प्राचीन ग्रिक मोडल) को सट्टा खगोलशास्त्री पोलिस निकोलस कोपर्निकश (१४७३–१५४३) को हेलियोसेन्टरिक मोडल (सूर्यलाई विश्व व्रह्माण्डको केन्द्र मान्ने मोडल)का मान्यतालाई समर्थन गर्दै पृथ्वीको वरिपरि सूर्य होइन कि सूर्यको वरिपरि पृथ्वी घुम्छ जस्ता बिचार व्यक्त गरेको कारण इटालीका दार्शनिक, कवि तथा व्रह्माण्डशास्त्री वैज्ञानिक जिओरडानो ब्रुनो (१५४८–१६००) लाई बाइबलको मान्यता विपरीत बोल्यो भन्ने आरोपमा केथोलिक चर्चले कठोरतम दण्ड दिंदै सार्वजनिक स्थलमा जिउँदै जलाएर विभत्स तरिकाले हत्या गरेको थियो। ईटलीका दार्शनिक तथा वैज्ञानिक ग्यालिलिओ ग्यलिली (१५६४ –१६४२) लाई आधुनिक पदार्थ विज्ञानका पिता मानिन्छ। यिनले शक्तिशाली टेलिस्कोपको पनि आविस्कार गरेका थिए। शक्तिशाली टेलिस्कोपको आविस्कार आफैमा एउटा ठूलो क्रान्ति थियो। यिनले निकोलस कोपर्निकशको सूर्यलाई विश्व व्रह्माण्डको केन्द्र मान्ने मान्यतालाई पक्षपोषण गरेको कारण राज्यले उनलाई बन्दी बनाएको थियो.। जेलमा कोचेको थियो। ब्रुनोलाई जस्तै मृत्यु दण्ड दिने चेतावनी दिएको थियो। उनलाई आफ्नो यस विचारलाई फिर्ता लिन दबाब दिएको थियो। उनले बताएका छन् उनले भित्री मनले पृथ्वीलाई होइन सूर्यलाई केन्द्र मान्ने विचारप्रति अटुट आस्था तथा निष्ठा राख्दै मुखले आफ्नो विचार फिर्ता लिएको कुरा भनेको थिए। अभिनय गरेका थिए। उनले गोप्य रूपले आफ्ना वैज्ञानिक मान्यता तथा विचारका सम्बन्धमा पुस्तक नै लेखेका थिए जुन पछि प्रकाशित भएको थियो।

साहित्यमा नोबेल पुरस्कार प्राप्त गरेका अमेरिकी उपन्यासकार अर्नेष्ट हेमिग्वे ( १८९९ –१९६१ ) ले आफ्नो विश्व चर्चित उपन्यास बुढो मान्छे र समुद्रमा लेखेका छन् – एक जना मान्छेलाई खतम गर्न सकिन्छ तर पराजित गर्न सकिन्न।

यी सब कुराले के पुष्टि गर्दछ भने संसारमा सत्य सजिलै स्थापित गरिएको होइन। पक्कै हो सत्यलाई स्थापित गर्न ठूलो महाभारतको युद्ध लड्न परेको थियो। कैयौंले आफ्नो जीवनको आहुति दिन परेको थियो। साँचो हो एक त सत्यलाई पता लगाउन गाह्रो,दोस्रो सत्य पता लागे पनि त्यसलाई स्थापित गर्न गाह्रो।

कविता

# आकाशले मेरो बाटो छेक्छ

हरिभक्त कटुवाल

एक्लै जब म हिंडिरहेछु
अग्ला होचा सडक-सडकमा
मलाई लाग्छ– आकाशले मेरो बाटो छेकिरहेछ
मैले उचालेका पाइला–पाइलामा तेर्सिएर,
मेरा अभ्यस्त खुट्टा आकाश छिचोल्न व्यग्र हुन्छन्।

म आकाश छिचोल्छु, अनि देख्छु–
आकाश मभित्र पसिरहेछ
मैले श्वास लिने प्वाल–प्वालबाट मैन झैं पग्लिएर
र अनायास म छटपटाउँछु,
चिच्याउँछु–
'आकाश मभित्र अट्दैन
आकाश मभित्र अट्दैन',
म त सानो मान्छे–एकदम सानो
धरतीमा एउटा बिन्दु मात्र
आकाश मभित्र अट्दैन।

तर आकाश सुन्दैन
उल्तै पसिदिन्छ मभित्र
मेरा सुन्ने कानका प्वाल–प्वालबाट
मलाई नै बहिरो पारेर।

एक्लै एक्लै जब म हिंडिरहन्छु
अग्ला होचा सडक-सडकमा
मलाई लाग्छ– आकाशले मेरो बाटो छेकिरहेछ
मैले उचालेका पाइला–पाइलामा तेर्सिएर।

# महिला-पुरुष सम्बन्धबारे बी.पी. कोइराला

*(बीपी कोइराला राजनीतिज्ञमात्र नभएर बहुआयामिक चिन्तक पनि थिए। बीपीको विविध विषयका विचारहरू छरिएका छन्। महिला र पुरुषको सम्बन्धबारे पनि बीपीको विचार फरक छ। २०१७ साउन ७ गते संसदमा प्रधानमन्त्रीको हैसियतले बीपीले राख्नुभएको विचार यहाँ प्रस्तुत छ। बीपीको तत्कालीन विचारबारे पक्ष र विपक्षमा धेरै छलफल हुनसक्छ। बीपीको बहुआयामिक चिन्तन बुझ्न यो मन्तव्य महत्त्वपूर्ण सामग्री हो।)*

*माननीय अध्यक्षज्यू,*

अहिले सभामा छलफल भइरहेको विषयमा केही विचार व्यक्त गर्न म पनिउभिएको छु। मेरो व्यक्तिगत विचारमा स्त्री-पुरुषको सम्बन्धलाई नियन्त्रणमा राख्ने उपायको प्रश्न अहिले आएको छ। विवाह, पारपाचुके तथा विवाहसम्बन्धी सबै व्यवस्थाहरूको मुख्य लक्ष्य यस सम्बन्धलाई कसरी नियमित र नियन्त्रणमा राख्ने भन्ने नै हो। हामीले त्यस दृष्टिबाट विचार गर्नुपर्छ। यसलाई सामाजिक र जैविक दुवै दृष्टिबाट विचार गर्नुपर्छ। सामान्य जैविक नियमबाट स्त्री र पुरुषको सम्बन्धलाई रोक्न प्रयत्न गर्नका निमित्त सामाजिक व्यवस्थालाई कुन आधार दिने भन्ने विषयमा म केवल एउटा दार्शनिक दृष्टिकोण मात्र अगाडि राख्दछु। किनभने यहाँ यस विषयमा व्यावहारिक दृष्टिकोणबाट त धेरै छलफल भइसकेको छ। अहिले भर्खरै एकजना माननीय महासभासद्ले स्त्री-पुरुषको सम्बन्धलाई एउटा मधुर सम्बन्ध भन्नुभयो। मलाई त्यो सम्बन्ध मधुर छ जस्तो लागेन। मलाई स्त्री-पुरुषको सम्बन्ध जंगली जनावरको जस्तो नंग्रा र दाँतले चिथोर्ने र टोक्ने सम्बन्ध छ जस्तो लाग्छ। स्त्री र पुरुषको सम्बन्धलाई कसैले जैविक कारणले गर्दा भ्रममा परेर, कसैले भर्खर विवाह गरेका कारण भावनामा आएर मधुर सम्बन्ध हो भन्नु मलाई वैज्ञानिक विचारजस्तो लागेन। मानवजातिको जीवनको इतिहास अध्ययन गरौँ भने लोग्नेमानिस र स्वास्नीमानिसबीच एउटा ठूलो जैविक द्वन्द्व पाउँछौं। दार्शनिक दृष्टिबाट जीवनलाई विचार गर्दा त्यसमा यो द्वन्द्व निहित भएको देख्छौं। मानिस जब सृष्टि भयो होला र त्यसपछि अहिलेसम्म मानिसको उन्नति हुँदै आएको छ। त्यो उन्नति एउटा साधारण वा सजिलैसँग प्रवाहित भएको विकास होइन। यसमा ठूला-ठूला सङ्घर्षहरू भए। आर्थिक सङ्घर्ष त छँदै थियो, अरूअरू सङ्घर्ष पनि भए। स्त्री र पुरुषबीचमा त्यो सङ्घर्ष किन भयो त ? त्यतापट्टि पनि विचार गर्नुपर्छ। मैले यो कुरा मेरो व्यक्तिगत भावनाविरुद्ध बोल्नु परिरहेको छ। ऐतिहासिक दृष्टिबाट देखिने क्रूर सत्य बताउन मैले आफ्नो हृदयको भावनादबाउनुपरेकोछ। हाम्रो नजरको सामुन्ने पर्ने द्वन्द्व छँदैछ। तर, परिवार वा युवक-युवतीबीचको द्वन्द्व हुनुको कारण के हो ? यसमा मलाई लाग्छ, यो समाजमा एउटाहुन्छ। माननीय महासभासद्लाई सम्झाउन दैवीशक्ति भनौं। तर, एउटा शक्ति छ निर्धारित शक्ति छ। अरू कसैलाई सम्झाउनुपर्यो भने त्यसलाई जीवनशक्तिभन्दा जसले सबै कुरा जान्दछ, जो अजर-अमर छ, कालदशी छ, न त्यसको सुरु छ, न अन्त छ। त्यसले मानिसलाई देवता बनाउन कोसिस गर्छ। त्यसलाई कसैले जान्न सक्तैन, त्यसले गरेको कुराबाट सृष्टि चल्दछ, त्यो त्यही शक्ति हो। अहिले हामी देवताको श्रेणीमा पुग्न सफल भएका छैनौं। तर, कुनै हदसम्म पुग्ने पनि गरेका छौं। हामी विज्ञानद्वारा प्राकृतिक बन्धनमाथि जतिजति विजय प्राप्त गर्दै जान्छौं, उतिउति देवतालाई एउटा कुनाबाट निकाल्दै अर्को कुनामा पन्छाउँदै जान्छौं। हामी यसरी देवत्व प्राप्त गर्दै जान्छौं। पहिले कुनै रोग लाग्यो भने मन्दिरमा गएर पूजा गर्दथ्यौं, अब रोगको कारण थाहा भइसकेको हुनाले थाइसिसका रोगमा सितलामाईको पूजा गर्न छाडेका छौं। अब कारण थाहा भइसकेको हुनाले हामी त्यस हदसम्म देवत्व प्राप्त गर्न थालेका छौं। अब महादेवको पुकार गर्न छाड्दै आएका छौं। त्यसो हुनाले मानिस अब प्रकृतिको नियमबाट फुत्कँदै गएको छ। अहिले रफ्तारमा विज्ञानको उन्नति हुँदैछ, त्यसमा बीचमा केही बाधा परेन भने हामीले चाँडै देवत्व प्राप्त गर्न सक्नेछौं। मानिस जीवविकासमा एउटा खुड्किलो मात्र हो। त्यो त्रिकालदर्शी शक्तिले चाहेको कुरा तल्लो तहका जीवहरूबाट हुन नसक्ने हुँदा उसले मानिस बनायो। तर, मानिसलाई पनि अलिकति खाना पुगेन, हेरविचार पुगेन भने नाना किसिमको रोग लाग्छ। अठार वर्ष नपुगी बुद्धि पनि आउँदैन। त्यसमा जीवनशक्तिले बिस्तारै-बिस्तारै सुधार ल्याउन खोज्यो। जीवनशक्तिले दुईवटा काम गर्न दिएको छ। लोग्नेमानिसको हातमा सभ्यता बनाउने। काम दिइएको छ र स्वास्नीमानिसको हातमा सभ्यता बनाउने वस्तु बनाउने काम सुम्पेको छ। मैले यो कुरा हीनताको भावनाले स्त्रीजातिलाई भनेको होइन। लोग्नेमानिसले स्वास्नीमानिसलाई बराबर क्षेत्र बाँडिरहेको छ। अतः कच्चा पदार्थ समाप्त नहोस् र प्रयोग गरिरहन पाओस् भनेर नै जैविक आवश्यकता दिएको छ- आमा बनोस् भनेर। यस दृष्टिकोणबाट हेर्ने हो भने आमा बन्नुबाहेक स्वास्नीमानिसको अरू आवश्यकता छैन। जैविक काम भएन भने काम गरिरहेको मेसिन हठात् बन्द भएजस्तै मानव विकास नै खतम भएर जान्छ। यस दृष्टिबाट हेर्‍यौ भने लोग्नेमानिसको अझ प्रगतितिर लम्कौं, विकास गरौं, कलाकार बनौं, वैज्ञानिक बनौं, दैवीशक्ति प्राप्त गरौं भन्ने एउटै मात्र ध्येय छ, एउटै मात्र जिम्मेवारीछ। स्वास्नीमानिसको काम घर हेर्नु, आफूले जन्माएका छोराछोरीको हेरविचार गर्नु हो। त्यसकारण यस किसिमले द्वन्द्वको रूप प्रकट हुन्छ। स्वास्नीमानिस लोग्नेमानिसतिर आकर्षित हुन्छन्। म यो कुरा पनि व्यक्तिगत जीवनविरुद्ध गर्दैछु। स्वास्नीमानिसहरू लोग्नेमानिसलाई फसाएर आफ्नो काम पूरा गर्न चाहन्छन्। लोग्नेको उन्नतिको चाहना गर्दछन्। दुलाहाले सपना देख्छ। म यो इन्द्रधनुको रंगलाई क्यानभासमा उतार्न चाहन्छु भन्छ। तर, त्यसैबेला आफ्नो छोरालाई उठाएर दुलहीले बाधा पुर्‍याउँछे। अतः स्त्री र पुरुषबीच ठूलो द्वन्द्व रहन्छ भनेको हुँ। लोग्नेमानिस स्वास्नीमानिसको सौन्दर्य देखेर मोहित हुन्छ, कविहरू यस्तो भन्ने गर्दछन्। तर स्वास्नीमानिसले लोग्नेमानिसलाई त्यसरी फसाउने काम गर्दछे, जसरी कुनै जनावर अजिंगरको सुन्दरतामा आकर्षित भएर नजिक जान्छ, उभिन्छ। तर, त्यो जनावर अजिंगरको सुन्दरताको विभ्रम भएर निलिन्छ। स्त्री-पुरुषको कुरा पनि त्यस्तै हो। त्यसकारण यसलाई कुनै सामाजिक नियमबाट बाँधेर राख्नु, मधुर भनेर भन्नु साँचो दृष्टिकोण होइन। यी दुई विरोधी तत्त्वलाई सन्तुलनमा राख्ने भन्ने विचार छाडौं। यो त अमेरिका र रुसको सह-अस्तित्वजस्तै हो। जीवनको विकासको क्रममा सुरुमा हाड नभएका जीवहरू सृष्टि भए। तिनीहरूको विकास हुँदै आएको हो। अब त स्वास्नीमानिसमा फसेर गयो भनेर अर्कै किसिमको प्राणी सृष्टि गर्ने हो कि ? स्त्री बन्धनमा पर्ने भयो भनेर हामीलाई नै जीवशक्तिले छाडिदिने हो कि ? सामाजिक दृष्टिबाट विचार गर्दा आर्य संस्कृतिमा विवाहको नानारूप पाउँछौं। कुन्ती आफ्नो दुलाहा छँदाछँदै अरू लाग्नेमानिससँग सम्बन्ध राखेर पनि प्रतिष्ठावती भएकी छन्। त्यस्तै द्रौपदीले पाँचवटा पति राखेर हाम्रो आर्य संस्कृतिअनुसार पूज्य भएर बसेकी छन्। तारा, अहिल्या र यशोधरा पनि पञ्चकन्यामा गनिएकै छन्। उनीहरूमध्ये कोही पनि एक पतिव्रता नारी होइनन्। यो पनि आर्य संस्कृति नै हो। त्यसै हुनाले हिजो ग्रहण गरेकोलाई मात्र आर्यसंस्कृति भन्नुहुँदैन। आर्य संस्कृतिको सबैभन्दा ठूलो महत्त्व के हो भने यसमा सामाजिक परिवर्तनको साथ नयाँ तत्त्व ग्रहण गर्ने क्षमता छ। हामीमा नयाँ तत्त्वलाई ग्रहण गर्ने शक्ति भएन भने त्यो जाति नै लोप भएर जाने सम्भावना रहन्छ। पहिले हामी खेती गर्ने काम सिकेर एक ठाउँमा बसिसकेका थिएनौं। त्यसबेला मानिस घुमन्ते रूपमा बस्थ्यो। त्यहाँ दुलाहा दुलही भन्ने थिएन। कसको छोरा भनेर सोध्दा आमाको मात्र भन्ने हुन्थ्यो। यसरी आमाको नाममा समाज बन्दै गयो। सामाजिकनियमभन्दा जैविक शक्ति बलियो थियो। एउटै आमाको रगतबाट जन्मेका बीच मात्र विवाह हुने नियम प्रारम्भ भयो। मातृसत्तात्मक जातिमा अझै पनि त्यस्तै नियम छ। त्यसैले सामाजिक नियम आमामाथि नै आधारित छ। मानिस गाउँमा बस्न थालेपछि व्यक्तिगत सम्पत्ति भन्ने कुरा आयो। अनि मानिसको घुमन्ते झुण्ड पनि टुट्यो। पहिले कबिलाको सम्पत्ति हुन्थ्यो भने अब व्यक्तिगत सम्पत्ति भयो, यस्तो ठूलो परिवर्तन भयो। अब दुलाहाको आवश्यक पर्‍यो। सामाजिक सम्पत्तिको ठाउँमा व्यक्तिगत सम्पत्ति हुँदै गएपछि यो कसको छोरो भन्ने प्रश्न उठ्दा त्यसमा दुलाहा पनि सामेल हुन आयो। त्यसपछि म बाँचुन्जेल मेरो सम्पत्ति मैले मात्र भोग गर्न पाउने र म मरेपछि मेरो व्यक्तिगत सम्पत्ति मेरो छोराले मात्र पाउने भन्ने भयो। अनि स्वास्नीलाई स्वतन्त्रता दिएपछि उसबाट जन्मेका सबै छोरालाई आफ्नो छोरा भन्न पर्ने हुनाले स्वास्नीलाई पतिब्रता बनाउनु आवश्यक पर्‍यो।

मध्यकालीन युगमा परपुरुषको मुख हेर्न नहुने भनेर बुर्का, पर्दा, घुम्टो र सूर्यको मुखसमेत नहेरेकी कन्या पवित्र मानिने विचारको उदय भयो। सम्पत्ति र स्वास्नीमाथि लोग्नेको व्यक्तिगत अधिकार बढ्दै गएपछि स्वास्नीले पोइल जानुलाई ठूलो बेइज्जत मानिन थाल्यो। किनभने, यसबाट व्यक्तिगत सम्पत्तिमा ठूलो कुठाराघात हुन्थ्यो। व्यक्तिगत सम्पत्तिको अधिकार रहुन्जेल यो रहिरहन्छ। यो मध्यकालीन विचार हो। संस्कृतमा यससम्बन्धी साहित्य बनेको छ, शृंगार रस। विवाहलाई पुरानै किसिमबाट राख्ने हो वा जैविक दृष्टिकोणबाट पारपाचुके गर्ने अधिकार दिँदा समाज ज्यादा मधुर हुन्छ वा पारपाचुके गर्ने अधिकार नदिँदा समाज मधुर हुन्छ, त्यो निश्चयरूपले भन्न सकिंदैन भन्ने निष्कर्षमा पुगिन्छ। अहिलेको अमेरिकाको चलन र उनीहरूका पुर्खाको पालाको सम्बन्ध कुनचाहिँ मधुर छ, निश्चितरूपले भन्न सकिँदैन। विवाहका सम्बन्धमा पारपाचुके गर्ने स्वतन्त्रता पूर्ण रूपमा दिँदा सानोतिनो गडबडी हुनासाथ छाड्न पाउने भयो भने कसैले परिवारमा बाँधिएर रहनु र सन्तान हेर्नुपर्छ भन्नेजस्ता विवाहको लक्ष्य पनि खतम भएर जानेछन्। अनि, विवाह एउटा क्षणिक मिलन अर्थात् प्रजातान्त्रिक मोर्चाजस्तै हुन जानेछ। त्यस किसिमको स्वतन्त्रता नदिएर अँठ्याएर राख्नु पनि ठीक होइन। यस विधेयकमा तीन-चार प्रकारको कोसिस गरिएको छ। यसबाट विवाहसम्बन्धी सबै समस्या समाधान हुन्छन् भन्ने कुरा होइन। स्त्री र पुरुषबीच द्वन्द्व त छँदैछ।

हामीले अहिले चलनमा रहेको व्यवस्थाबाट केही पाठ सिकिसकेको हनाले अर्कोकुरा व्यवस्थाको खोजीको नीम्ति एकजना महिला महासभासद्बाट विधेयक आउनु राम्रो हो। वर्तमान व्यवस्थामा केही सुधार आउँछ कि भनेर यो विधेयक ल्याइएको छ। यो विधेयक अहिलेको आवश्यकता अनुभव गरेर ल्याइएको छ। यसमा सबै जनाको समर्थन प्राप्तहोला भन्ने आशा गर्दछु।

धन्यवाद।

महासभा, ७ साउन २०१७

२२ जुलाई १९६०

अनुदित कथा

# कर्मनाशा की हार (कर्मनाशको पराजय)

शिवप्रसाद सिंह

अनुवादः जंगबहादुर शाह

कालो सर्पले टोकेको मानिस बाँध्न सक्छ, हलाहल विषपान गरेको व्यक्तिको मृत्यु रोकिन सक्छ, तर जुन बूटोलाई एक पटक कर्मनाशाको पा(नीलाई छुन्छ, त्यो फेरि हुन सक्दैन । कर्मनाशाबारे तटका मानिसहरूमा एउटा अर्को विश्वास प्रचलित थियो कि यदि एक पटक नदीमा बाढी आयो भने, त्यो मानव-बलि नलिईकन साम्य हुँदैन । यद्यपि अलि उचाइमा अवस्थित नयाँ बस्तीमा बासिन्दाहरूलाई यसको कुनै त्रास थिएन । यसैकारण बाढी आउने दिनहरूमा गेरुजस्तै फैलिएकै अपार जाललाई देखेर तिनीहरू खुसियाली मनाउँदथे । दुई-चार दिनको यो बाढी तिनका लागि फरक दृश्य लिएर आउँ(दथ्यो । मुखियाजीको घरको सामुन्ने गाउँलेहरू एकत्र हुन्थे र कजली सावन (साउन महीनामा गाइने लोकगीत 'कजरी') को तालमा ढोलक बजाउँजथे र गाउँका दूधमुखाहरू पनि–

'यी बाढी नदिया जिया ले के माने'

(बाढी आएको यस नदीले ज्यान लिएरै छाड्ने भयो)

भन्दै गीत गाउँदथे किनभने बाढीले तीमध्ये कसैको ज्यान लिंदैनथ्यो । तर, पोहोरसाल अचानक जब नदीको पानी समुद्रको ज्वारजस्तै उम्लिंदै नयाँ बस्तीसँग टकरायो, तब ढोलकहरू बगेर गए, गीतका पंक्तिहरू ओइलाएर ओठमा पाप्राजस्ता भए । धामीले सारो ज्यान दिएर पूजा गऱ्यो, पाँचओटा बोका काटिए, तर बाढी कम भएन र एउटी अन्धी केटी र एउटी अपांग वृद्धालाई बाढीले बगाई लग्यो । नयाँ बस्ती निवासी कर्मनाशाको यस्तो रूप देखेर थर्कन थाले । वृद्धाहरूले सल्लाह गरेर पूजापाठ गराए र पाप शान्ति गरे गाउँलेहरूले ।

एउटा बाढी गयो, एक वर्ष बित्यो, पछिल्ला घाउ सुक्न नयाउँदै भदौका दिनका फेरि उम्लियो । बादलहरूको छायामा सुतेको गाउँ बिहानीका किरण देखेर उठ्दा सारा खेल रगतजस्तै रातो पानीले घेरिएको थियो । नयाँ बस्तीको वातावरणमा त्रास व्याप्त भयो । गाउँ अग्लो ठाउँमा अवस्थित थियो जसलाई नदीको धाराले तिरन्तर टक्कर मार्दै थियो । ठूला-ठूला रुख जरैबाट उखेलिएर नदीको पेटमा पुगिरहेका थिए । त्यो बाढी होइन, प्रलयको सन्देश थियो । नयाँ बस्तीका मानिसहरू मूसाको खोरमा फँसेको मूलेजस्तै दौडधूप गरिरहेका थिए । सबैका अनुहारमा भारी भय व्याप्त थियो ।

"हिजो दोनापुरमा बाढीको पानी पसेको थियो पांडेजी" इसुर भगत (नाम हो) ले भकभकाउँदै भन्यो ।

बाल्टिनमा पानी लिएर जगेसर पांडे कूवाको चौतारीबाट झर्दै थिए । भगतका कुरा सुनेपछि तिनले आत्तिएर बाल्टिनसहित हाम फाले ।

"के भन्दै हुनुहुन्थ्यो भगत, के भन्यो धामीले ?" चौबाटोमा सानो भीड एकत्र भयो । भगतले आफ्ना शब्दलाई स्वादिला बनाउँदै भने–

"कासीनाथ (काशीनाथ) को सरन (शरण), भाइ हो ! धामीले भन्यो कि तीन घैला भरिनेजति पानी पर्ने छ, मान्छे र पशुको खति होला, चारैतिर हाहाकार मच्चिएला, परलय (प्रलय) हुनेछ ।"

"परलय नभए के फलिफाप होला ? हे भगवान् ! जुन गाउँमा यस्तो पापकर्म हुन्छ त्यो नबगे के बच्नेछ" सिरलाई पछ्यौरीले ढाक्दै धनेसरा काकीले भनिन्– "म त भन्दछु कि फुलमतिया (नामको शुद्ध रूप हो फुलमती) किन बोल्दिन ? राम-राम ! कुकुर्नीले पाप गरेकी छ, जसको फल गाउँले भोग्दै छ । त्यसकी आमा कस्ती सत्यवती गन्दथी आफूलाई । आगो लिन जाँदा घरभित्र पस्न दिइन । मलाई त त्यसै बखत शंका लागेको थियो कि केही गडबड छ । आगो लागोस् यस्तो कोखमा । यति सानो उमेरमा यस्तो कालो कर्तुत !"

"अलि बुझिनेगरी भन्नुस न भाउजु" बीचैमा जगेसर पांडे बोले– "आखिर भयो के ?"

"के हुनु ? फुलमतिया राँडी बच्च जन्माएर बसेकी छ । विधवा केटी बच्च जन्माएर सधवा भएकी छ ।"

"हो र ! कहिले भयो ?"

सबैका आँखामा उत्सुकताका भाव देखिए । सबैका सास रोकिएला जस्तो भयो । त्यसैबखत खुर्सानीजस्तो पीरो आवाजमा काकी बोलिन्–

"आजको कुरा हो र ! तीन दिनदेखि कुना पसेकी छ डाइन (बोक्सी) पापलाई छातीमा टाँसेर । घाँटी निमोठेर खाल्टोमा पुर्न पनि सकिन ।"

गाउँलेहरूलाई प्रलयको सूचना दिएर, हावामा उडिरहेको आँचलार्य बलात् वशमा गर्दै काकी अर्को चोकतिर हुत्तिइन् । गाउँका सारा आतंक, भय, पाप कुकुरझैं पुच्छर टांगमुनि लुकाउँदै तिनका पछि लागको थिए । सबैका आँखामा नयाँ बस्तीको भविष्य थियो । रगतजस्तो रातो पानीमा मूसाझैँ तलमाथि हुँदै मानिसहरू कराउँदै थिए । मृत्युको यस्तो भयंकर सपना पनि विरलै देख्यो होला कसैले । भैरों पांडे बैसाखीको भरमा आफ्नो ठूलो घरको ढोकामा उभिएर बाढीको पानीको तागत हेरिरहेका थिए । अपार जलमा बगिरहेका साँप-बिच्छी आइरहेका थिए । मरेको जनावरको पिठ्यूँमा बसेको काग, लहरको धक्काले चिप्लिन्थ्यो । भिजेको मूला पानीबाहिर निस्कँदा चील झम्टिन्थ्यो । विचित्र दृश्य थियो । किन हो कुन्नि पांडे फतफताए अनि माटोले बनाइएको पुरानो, ठूलो घरतिर हेरे । पांडेको बाजे देसदेहातका नामी गिरामी पण्डित थिए । तिनको प्रसिद्धि यस्तो थियो कि कहिल्यै कसैले कसैलाई सताउने साहस गर्दैनथ्यो । तिनले बनाउन लगाएका थिए यो घर । भाग्यको लेखलाई कसले मेट्न सक्छ ! दुई पुस्तामा नै सबै कुरा हराए । मुठीमा बन्द जुनकीरी हातबाट फुत्कियो । कसैलाई थाहा नै भएन । आजभन्दा सोन्ह वर्षपहिले मातापिता, एउटा सानो केटोलाई सुम्पेर गए । लँगडा भैरों पांडे आफ्नो दुई वर्षको भाइलाई काँधमा बाकेर असहाय, निरलम्भ उभिइरहे । धनको नाममा पिताले लगाएको ऋण पाए, कामधामका लागि दूधमुखे भाइको स्याहार-सुसार र रहनबस्नका लागि यो घर, जसलाई पछिल्लो बाढीका धक्काले एकदम जर्जर बनाइदिएको थियो ।

"अब यो पनि बच्नेछैन ।" पांडेको मुखबाट भवितव्य प्रस्फटित हुँदै थियो जसको भयंकरताउपर तिनले अलिकति पनि विचार गर्न आवश्यक ठानेनन्, चिरा परेका भित्ता तिनका खम्रा हातका स्पर्शले पग्लिए र वर्षाको पानी रसाएर हातमा आँसुझैं टाँसिए । तेज हावा गाउँको वल्लो छेउदेखि पल्लो छेउसम्म चक्कर काट्दैथियो । विधवा फुलमतियाले छोरा पाएकी छ छोरा, कुकुर्नीको पापले गाउँ तबाह हुँदैछ । राम-राम, यस्तो पाप । भैरौ पांडेका कानमा यस्तो आवाज पर्नासाथ भयंकर पीडा पैदा भयो । बैसाखीले तिनको भार सँभाल्न सकेन र तिनी चौकोसमाथि थचारिए । चौकोसको ठाडो काठमा धक्का लाग्दा तिनको कुइनो खुल्कियो । कुइनाको भयंकर पीडा तिनको रोम-रोममा पस्यो र पांडे यस पीडालाई ओठ मिचेर दबाउने प्रयास गर्दै थिए ।

"सर्वस्व गयो ।" तिनी फतफताए । कर्मनाशाको बाढी तिनको त्यो जर्जर ठूलो घरलाई हडप्न होइन, तिनका पितामहको त्यो अमूल्य प्रतिष्ठालाई हडप्न आएको हो, जसलाई आफ्नो यस विपन्न अवस्थामा पनि पांडेले तल झर्न भने दिएका थिएनन् । सप्रेम पालिएको यस प्रतिष्ठालाईइ तिनले सधैं काँधमा उचालेर राखेका थिए ।

"मलाई थाहा छ कि यो छोकडा यस खान्दानलाई बर्बाद गर्न आएको हो ।" पांडेका आँखामा तिनको भाइको तस्बिर नाच्न थाल्यो, अठार वर्षको लक्का जवान कुलदीप जसका आँखामा भैरोंकी आमाको छवि देखिन्थ्यो । त्यसका काला काकुल (जुल्फी) देखेर मुखियाजी भन्दथे कि यिनीमाथि त भैरों पांडेका बाजेको बाछिटो परेको छ ।

पांडे, "हो–हो" गरी हाँस्दथे । "जा रे ! कुलदीप ! बरण्डामा गएर पढ ।"

त्यति भनेर भैरों पांडे मनैमन फतफताउँदथे– "तेरा आँखा फुट्लान हरामी । केटोमाथि नजर गडाउँदछस् । यसलाई केही भयो भने, भगवान् कसम, तँलाई घाँटी थिचेर मारिदिनेछु । बडा मुखिया पल्टेको छ ।" तर, खुलेर भने भन्दथे– "के बाछिटा पर्नु मुखियाजी ! बाजेसँग पाँच-पाँच पश्चिमा गाई थिए, एकसेएक राम्रा । दुई थन दुहँदा नै पाँच सेरवाला बाल्टी भरिन्थ्यो । यहाँ त यस केटाले दूध पचाउनै सक्दैन । अनि वर्षभरि दूध हामी गरीबले कहाँ पाउने ?"

"अब त्यो पुराना जमानाका कुरा कहाँ छन् र पांडेजी ।" मुखिया भन्दछ र विभिन्न संकेतद्वारा आफ्ना शब्दमा खुर्सानीका पीरोपन भरेर जान्छ । काला काकुलवाला कुलदीप त्यसलाई पटक्कै राम्रो लाग्दैनथ्यो, तर भैरौं पांडेको डरले केही भन्दैनथ्यो । दिनभरि बरण्डामा बसेर भैरों पांडे, कपासबाट बियाँ अलग गर्दथे र सूत बनाएर तकुवा नचाई नचाईकन जनै बनाउँदथे, जजमानी गर्दथे, पात्रो हेर्दथे र सत्यनारायण कथा-वाचन गर्दथे ।

यस्ता काम गरेर जेजति पाइन्थ्यो त्यो, कुलदीपको पढाइ र त्यसका लुगाफाटामा खर्च हुन्थे । यस्तै दिन देख्नका लागि मैले कठोर परिश्रम गरेको ! पांडेका आँखा राता भए । केटाले तिनलाई बदनामी मात्र दियो । आज यहाँ आपत आइलागेको छ र आफू थाहा छैन कता भागेर लुकेको छ ।

"राम जानुन कस्तो छ !" शुष्क आँखाबाट दुई थोपा झरे । "आफै त एक गाँस पनि खाँदैनथ्यो । कतै भोकै बसेको होला । बसे बसोस्-मरे मरोस् म के गरुँ ?" पांडेले बैसाखी समाते, बगलको चारपाईसम्म गए र थचक्क बसे । अनि दुवै हातले मुख छोपेर चुपचाप लेटिरहे ।

पूर्वतिरको आकाशमा सूर्य दुई लट्ठा (लट्ठाः साढे पाँच हात) माथि चढिसकेको थियो । काला-काला बादलहरूको दौडधूप जारी थियो । यद(ाकदा हल्का हावाका साथ पानीका थोपाहरू छर्दथे । टाढा, नदीको किनारमा बाढीको पानीको टकराहटको आवाज हावामा गुंजायमान हुन्थ्यो । भैरो पांडे त्यस्तै गरी चारपाईमा लेटेर आकाशतिर हेरिरहेका थिए । आँगनको बीचोबीच तुलसीको वौरा थियो जो वर्षाजलले काटिरहनाले खम्रो भइसकेको थियो । पुरानो बूटामुनि कोमल-हरिया पातवाला अनेक साना-साना बिरुवा लहराउन थालेका थिए । वर्षाका थोपाहरू पुराना बूटाका दरिला पातमाथि टकराएर यताउति छरिन्थे । छितरिएका थोपाहरूका फोहरा कोमल पातमा सुस्तरी चिप्लिन्थे । कति आनन्दमग्न थिए ती नयाँ बिरुवा ! पांडेका आँखा अगाडि कात्तिकको त्यो साँझ पनि नाच्न थाल्यो । दुई वर्षपहिलेको कुरा होला । सन्ध्याकालमा जब तिनी बरण्डामा लेटेका थिए, तब आफ्नो बाल्टिन माग्न फुलमत आएकी थिई । त्यो बाल्टिन भैरौं पांडेले कुनै कार्यवश ल्याएका थिए ।

"कुलदीप ! भित्र राखेको त्यो बाल्टिन त दिनू ।" भनेका थिए भैरो पांडेले । सेतो सारीमा लपेटिएकी, गुडियाजस्ती फुलमत, आँगनमा यसै वौरानेर आएर उभिएकी थिई । अनि बाल्टिन उठाउनका लागि जब कुलदीप निहुरेको थियो त्यसै बखत फुलमत पनि आफ्ना दुवै हातले आफ्नो आँचलको छेउ समातेर तुलसीजीको वन्दना गर्नका लागि झुकेकी थिई । झटकासाथ कुलदीप उठ्दा त्यो उसको पिठ्यूँसँग टकराएकी थिई एक्कासि । तब, कुन्नि किन हो, दुवै मुस्काउन थालेका थिए । भैरों पांडे क्रोधवश तिलमिलाएका थिए । रिसको झोंकमा चारापाईबाट उठ्दा तिनले देखे कि कुलदीप बाल्टिन समातेर उभिएको छ र फुलमत तुलसीको वौरामा माथा टेकाएर प्रार्थना गर्दैछ । किन हो कुन्नि पांडेका आँखा डबडबाए । वर्षाऋतु समाप्तिपछि तिनकी आमाले त्यो खम्रो वौरलाई पहेंलो माटोको लेप लगाएर चिल्लो बनाएपछि सेतो बलौटे माटोले पोतेर सेतो बनाइदिन्थिन् । सायंकालमा, सुकेको वौरामाथि ध्यूको दीपक बाली, माथा टेक्दै पुत्रहरूको मंगलका लागि प्रार्थना गर्दथिन् । तब तिनी पनि यस्तै गरी निहुरेर आशीर्वाद माग्दथिन् र पांडे चुपचाप उभिएर प्रज्ज्वलित दीपकलाई हेरिरहन्थे । पांडेलाई सामुन्ने देखेर कुलदीप हडबडायो र फुलमत बाल्टिन समातेर चुपचाप बाहिर गई । पांडेको अनुहारमा एउटा विचित्र भाव थियो जसलाई सँभाल्न सक्ने तागत ती दुवैको मनमा थिएन, र दुवै भयाक्रान्त भई यताउति भागेका थिए ।

पांडेको अनुहारमा धेरै दिनसम्म अवसादको यस्तो भाव परिलक्षित भइरह्यो । भयाक्रान्त कुलदीप तिनीतिर हेर्न सक्दैनथ्यो, न पहिलेको जस्तो हठ गने साहस हुन्थ्यो, न हाँसोको कलरपले घरको कुना-कुना गुञ्जायमान गराउने हिम्मत । पांडेले आफ्नो मनलाई सम्झाए, त्यस्ता कुरालाई केटाहरूको क्षणिक खेलवाड ठाने । तिनले सोचे कि धर्तीको छाती निकै कडा छ, ढेस लाग्ने बि(त्तिकै सारा गुलाफी पत्रहरू यताउति छितरिनेछन्, दुवैलाई दुनियाँ कस्तो छ भन्ने कुरा थाहा हुनेछ । पांडेका हाउभाउ देखेर फुलमत पनि सशंकित भएकी थिई । त्यो यतातिर कम आउन थाली । कुलदीपको उठबस र लेखपढमाथि पांडेको कडा नजर थियो । त्यो पुस्तक खोलेर बस्दा दीपशिखामा श्वेताम्बरा फुलमत उभिएकी देखिन्थी र त्यो एकटक दीपशिखालाई हेरिरहन्थ्यो । त्यसको त्यस्तो दशा देखेर पांडेलाई निकै रिस उठ्दथ्यो, तर केही भन्दैनथे ।

एकपटक टोकेका पनि थिए– "कुलदीप ! के हेर्दैछौ एकोहोरिएर । सञ्चो त छ नि !"

"हजुर !" यति मात्र भनेको थियो कुलदीपले । त्यति भनेर त्यो पढ्नतिर लागेको थियो । दीपशिखाले कुलदीपको अनुहारलाई प्रकाशित गरेको थियो । जसलाई पछिल्तिरको गहन अन्धकारमा लेटेका पांडे, क्रोध, मोह र नाना प्रकारका भाव-चक्रमा झुलिरहेका थिए । तिनलाई फुलमतउपर अत्यन्त क्रोध हुन्थ्यो । टीमल (नाम हो) मल्लाह (मल्लाहः माझीः अति शूद्र, महादलित) की यो विधवा छोरी मेरो घर चौपट गर्न किन लागिपरेकी छ । बाउ मऱ्यो, पोइ मऱ्यो । अब अरु के-के गर्ने हो, कुन्नि ? कसरी मन्त्रमुग्ध बनाइदिई । यो परेवाझैँ मुख फुलाएर बसिरहन्छ, न पढ्दछ, न लेख्दछ । हाँस्न, खेल्न, खान सबै बिर्सियो । पांडेले चारपाईबाट उठेर यताउति चक्कर लगाउन थाले । तर, कुनै निर्णय गर्न भने सकेनन् । समय बित्दै गयो । कुलदीप पनि प्रसन्न देखिनथाल्यो । हाँसखेल गर्दथ्यो । पांडे चिन्तामुक्त भए । एकपटक फेरि उनको अनुहारमा हँसाइको आभा फर्कन थाल्यो । कपास-सूतको काम फेरि चालू भयो । गाउँका दुई-चार लफंगा आएर बस्दथे, दिन गफैगफमा बित्दथ्यो । ती गफ गर्दथे, सुर्ती मल्दै ताल ठोक्दथे र प्याच्च थुकेर कसैलाई गाली गर्दथे वा निन्दा गर्दथे । ती सब कुरासँग वास्ता नराख्दा पनि पांडे सुनिरहन्थे । तर, तिनको मन त घुम्दै गरेको नकुवाका साथ चक्कर काटिरहन्थ्यो । तिनी ती काम नभएका लफंगाहरूका कुरामा "हँ-हुँ" गर्दै कसैगरी आफूलाई संयत राख्दथे ।

पांडे त्यसै चारपाईमा सुतेका थिए, अन्तर यति मात्र थियो कि भगवान् भुवन भास्कर अलि माथि पुगेका थिए, लहरहरूको टकराहट अलि तेज भएको थियो, रगतजस्तो उम्लिरहेको रातो पानी गाउँको अझै नजिक आइपुगेको थियो । तिनका नसा कुनै तीव्र व्यथाका कारण तातिरहेका थिए ।

"पांडेहरूको वंशमा यस्तो कहिल्यै भएको थिएन ।" तिनी बरबराए । बगलको भित्ताको खापोमा रामायणको गुटका (गुरिका) राखिएको थियो । तिनले त्यो गरिका उठाए । एक ठाउँमा रातो निशान लागेको थियो । विगतमा कुलदीप रामायण पढ्दथ्यो । त्यो बहकिएपछि गुटका खोलिएकै थिएन । पांडेका हात कामे । गुटिका तिनको छातीमाथि खस्यो । उठाएर खोल्दा उही लाल निशान, जहाँ छाँपिएको थियो–

कह सीता भा विधि प्रतिकूला ।<br>
मिलहिन पावक मिटहिन सूला ॥<br>
सुनहु विनय मम विटप असोका ।<br>
सत्य नाम करु हरू मम सोका ॥

(अर्थात्, सीताले मनैमन भन्न थालिन्– के गरुँ ! विधाता नै प्रतिकूल भएको छ । न आगो पाइएला र न पीडा मेटिएला । हे अशोक वृक्ष ! मेरो बिन्ती सुन ! मेरो शोकलाई हरेर लैजाऊ र आफ्नो (अशोक)नामलाई सार्थक बनाऊ । तुलसीदासकृत रामायण, 'रामचरितमानस' ५।११।४-५)

रामायणको यो अंश पढेर पांडेका आँखा आँसुले भरिएर झरीझैँ खस्न थालें । तिनले हिचकी लिंदै भने–

"यस चुडैलले मेरो घर खाइहाली ।"

त्यसो भन्न त भने, तर पछि सोचे– "गाली गरेर नै के होला अब कुरा यहाँसम्म रहे त ठीकै छ । आज त्यसले बच्चा पाएकी छ, कतै त्यसले– 'यो छोरा त कुलदीपको हो' भनिदिई भने...नाइँ-नाइँ यस्तो हुन सक्दैन ।" पांडे बडबडाए । तिनले आफ्ना केशलाई मुठीमा कसेर ताने मानौं तिनका जरामा पीडा जमेको होस् । तान्दा अलिकति राहत पाइएला कि ? तिनी उभिन चाहन्थे, तर सकेनन् । आँखाले तोरीका फूल देख्न थाले । तिनले आज थाहा पाए कि तिनी यति अशक्त भएका छन् । कुलदीप आएदेखि आजसम्म तिनको जीवन अव्यवस्थाको एउटा कथा भएर बसेको छ । कुलदीप भागेको चार-पाँच महीना भइसक्यो । शुरुका केही दिनसम्म तिनी अवश्य धेरै उद्विग्न थिए, तर समयले दुःख बिर्सनुमा मद्दत गरेको थियो । आज फेरि कुलदीप तिनका आँखा सामुन्ने आएर उभिएको छ र विगतका घटनाहरू एक-एकगरी आँखासामु नाच्न थालें ।

फागुनको आरम्भ थियो । मुखियाजीकी छोरीको बिहे थियो । गाउँभरि खुशियाली यस्तो छाएको थियो मानौं सबैका घरमा बिहे हुँदैछ । बिहे हुने दिनमा त गाउँलेहरू आफ्नै सिंगारपटारमा होडबाजी गर्दथे । सबैजना छडी कटाउँदै थिए । सोखिनहरूका छडी चार-चार अंगुल चौडा राखिएका थिए छुराको सहायताले । कूवाको चौतारोमा दोपहर हुनुभन्दा दुई घण्टा पहिलेदेखि नै भीड लागेको थियो नुहाउनेहरूको । अब दुई बज्न लाग्यो । साबुन घसिंदै थिए, खुट्टामा जमेका मैल ढुंगाले दलीदलीकन छोडाइँदै थिए ।

बरात आयो । द्वारपूजाको शोभा गजबको थियो । बनारसकी रण्डी आएकी थिई । सिंगारिएका सुन्दर युवाहरको भीड जम्मा भएको थियो । साँझपख मह(फिल जम्यो । मुखियाजीको घरको ढोकासामु मानिसहरू खचाखच भरिएका थिए । एकातिर महिलाहरू गल्लीमा समेटिएर बसेका थिए, गाउँका केटीहरू, बूढीहरू र कतिपय उत्ताउली बुहारीहरू ।

बाईजी (पात्तर)ले आएर आफ्ना तामझाम फिंजारी र बसी । बूढा सारंगियाले सारंगीका तार कस्तै "किन-किन" गऱ्यो बाईजीले (बाईजीः रण्डीको आदरसूचक पर्याय) आलापपछि गायन शुरु गरी–

नीच अँच कुछ बूझत नाहीं, मै हारी समझाय ।<br>
वे दो नैना बडे बेदरदी, दिल में गडिगये हाय ॥

(अर्थात्, सानो जात, ठूलो जात भन्ने कुरा म पटक्कै बुझ्दिनँ । हाइ ! ती बदर्द आँखा त दिलमा गडिहाले ।)

जमघटदेखि धेरै टाढा, गाउँको छेउमा, आँपका वृक्षहरूमाथि फागुनको पहेंलो चन्द्रमाको छापा फैलिएको थियो । ती वृक्षमुनि झरेका रंगबिरंगी चाँद(नीमा एउटा प्रश्न खडा भयो– "मुखियाजीको महफिल (जमघट) मा पात्तरले जो गीत गाएकी थिई, कति सही थियो ?"

"कुन गीत ?"

"वे दो नैना बडे बेदरदी ।"

"धत् !"

"त्यस दिन म धेरै बेरसम्म पर्खिरहें ।"

"मेरी आमाको टाउको दुखेको थियो ।"

"को हो ?" ठूलो आवाज गुञ्जायमान भएको थियो । नजिकको गल्लीमा एउटा छाया बिलायो ।

"को हो ?" फेरि आवाज आएको थियो ।

"म हुँ कुलदीप ।"

"यहाँ के गर्दैछौ ?"

"खोलातिर गएको थिएँ ।"

"यसबखत ?"

"पेट दुखेको थियो ।"

क्रुद्धावस्थामा पनि भैरों पांडे मुस्कुराएका थिए–

"झुट कुरा गर्ने ! पेटमा दर्द थियो कि आँखामा ?"

लज्जावश कुलदीपको मुण्टो निहुरिएको थियो । त्यसलाई लाग्यो कि एक क्षणको यो भयप्रद जीवन त्यसको आत्मामा सदा व्याप्त रहनेछ । एक क्षणका लागि बोलिएको यो झुटले त्यसको जीवनलाई झुट्टा प्रमाणित गरिदेला र एक क्षणको लागि झुकेको यो माथा फेरि कहिल्यै ठाडो हुन सक्नेछैन । त्यो यस झुटको पर्दालाई च्यातिदिन चाहन्थ्यो, तर भैरों पांडेले सुस्त-सुस्त भने–

"कुलदीप ! तिमी गलत बाटोमा हिंडिरहेका छौ पुत्र ! के तिमीले कहिल्यै आफ्ना पिता-पितामहको इज्जतबारे सोचेका छौ ? धेरै पुण्य गरेपछि यस घरमा जन्म पाइएको छ भाइ ! यो कुरा कहिल्यै नबिर्सनु कि राम्रो कुलामा जन्मिनाले कोही बहुत ठूलो हूँदैन, तर यस अवसलाई गलत भनेर तल खस्नुभन्दा ठूलो पाप अरु केही हुनेछैन ।"

कुलदीपलाई लाग्यो कि कुनै तेज काँडावाला ज्यूँदो माछा त्यसको घाँटीमा अड्किएको छ । बरु त्यो घाँटी चिरेर बाहिर निस्किए ठीक, किनभने यस्तो असह्य पीडा त सहन सकिंदैन । तर, किन हो कुन्नि त्यो हिक्का लिंदै जोरसँग रुन थालेको थियो । दाजुको मनको पीडाको कल्पना पनि त्यसका लागि कष्टकर थियो तर त्यसको आत्मा, आफ्ना सम्पूर्ण भावले जुन वस्तुलाई वरेण्य मान्दछ, त्यसलाई एकदमै व्यर्थ कसरी भनिदेओस् । किन हो कुन्नि जुन छायामा त्यसलाई अभूतपूर्व आनन्दको अनुभूति हुन्छ, त्यसलाई कलंक भन्न सक्नु त्यसको बुता बाहिरको कुरा थियो । अनि यस कष्टको भारलाई त्यसका आँखाले सँभाल्न सकेनन् । भैरों पांडे पनि भाइसँग लपेटिएका थिए, त्यसको पिठ्यूँ सहलाउँदै थिए र बारम्बार त्यसलाई नरुन भनिरहेका थिए । कसैले देखला कि भन्ने आशंकामा तिनी कुलदीपलाई छिटो-छिटो तान्दै एकातिर लागे ।

आँसुका रूपमा जो पश्चाताप झर्दछ त्यसले मनको मैललाई पखालि(दिन्छ । पांडेले सोचेका थिए कि कुलदीप अब ठीक बाटोमा लाग्नेछ, तिनको वंशको मर्यादा अपमानको तुलामा चढ्नुबाट बच्नेछ, भोको बसेर पनि पांडेले इज्जतका लागि जुन बिरुवालाई रगतले सिंचेर हराभरा राखेका छन्, त्यसमाथि कसैको व्यंग्यरूपी बञ्चरो चल्नेछैन । तर, एक महीना नबित्दै कुलदीप फेरि पुरानै बाटोमा हिंड्न थाल्यो । भाइको यस कामलाई लुकेर हेर्ने पापाग्निमा भैरो पांडे आफ्नो आत्मालाई जलिरहेको देख्दथे, तर विवश थिए ।

चैतका दिनमा गर्मीले सुकेर कर्मनाशा पातलो भएको थियो । नदीको पेटमा टाढा-टाढासम्म फैलिएका राता बालुवाका मैदान, चाँदनीमा सीपीहरूका चह(किला टुक्रा सामुन्नेको अग्लो ठाउँमा छन् पलाका वृक्षहरूका आरक्त पंक्तिहरू, माझमा उल्लू, चारैतिर जलचर पंक्षीहरूको कलरव, टीलादेखि नदी तटसम्म बनेका साना-ठूला पदचिह्नहरूका दुई पंक्ति, केवल दुई पंक्ति ।

"तिमीले मलाई मझधारमा त छाड्दैनौ ?"

सास फेर्न कठिन भएको अवस्थामा शंकामा हराएको मन्दा स्वरु, श्यामाको पीडायुक्त हृदयविदारक आवाज । केही बेरपछि अर्को भकभकाउँदो आवाज–

"म प्राण दिन सक्छु, तर तिमीलाई...कदापि नाइँ ।"

चाँदनीको पातलो पत्र, सघन हुँदै गयो, जनशून्य नदीतटमा धुइँधुइँती घुमिरहेको बतासको सनसनाहटमा आवाजहरूको अर्थ हराउँदथ्यो त कहिले हल्का हास्यको कोमल ध्वनि त कहिले आक्रोशका फोका, कहिले उल्लासका तरंग त कहिले शीत्कारहरूको सरसराहट ।

भैरो पांडे चाँदनीको यस पवित्र आलोकमा आफ्नो क्रूरता र निर्ममताउपर विचार गर्नका लागि रोकिए, त्यसो भए के आजसम्मका तिनका सारा प्रयास विफल थिए ? के तिनले असाध्यलाई सम्भव बनाउने प्रयास गरिरहेका थिए ? एक क्षणका लागि भैरों पांडेले सोचे– "परमेश्वरले फुलमतलाई हाम्रै जातमा जन्माइदिएको भए ! त्यो विधवा नभएकी भए कति राम्रो हुन्थ्यो ! तुलसीको वौराको वन्दना पांडेको मस्तिष्कमा चन्दनको सुवासझैँ व्याप्त भयो । त्यसको रूप, त्यसको चालचलन, संकोच, सबै कुरा कसैलाई पनि शोभा दिने लायक थियो । एक क्षणका लागि तिनका आँखा सामुन्ने सेतो सारीमा लपेटिएकी फुलमतको दुब्लो-पातलो काया हात जोरेर उभियो मानौं त्यो आँचल फैलाएर आशीर्वाद मागिरहेकी होस् । भैरों पांडे हलनचल भई उभिएका थिए दिग्मूढ ।

"यो असम्भव हो ।" भन्दै भैरों पांडे बैसाखी सँभाले र तलतिर हुत्तिए ।

"कुलदीप !" बडा कर्कश आवाज थियो पांडेको ।

दुवै सिर झुकाएर सामुन्ने उभिएका थिए । आज पहिलोपटक पापको साक्षीमा दुवै समवेत देखिएका थिए । पांडे फेरि एक क्षणका लागि चुप भए ।

"म सोध्दै छु, यो सब के हो ?" पांडे कराए– "यति निर्लज्ज हौ तिमी दुवै !"

पांडेले अगि सरेर फुलमततिर हेर्दै भने– "तँ यसको जिन्दगी किन बिगार्न चाहन्छेस् ? के तँलाई थाहा छैन कि तेरो चाहना सपनामा पनि पूरा हुन सक्दैन । कदापि हुँदैन ।"

फुलमत चुप थिई । पांडे दुई गुणा क्रोधका साथ बोले–

"चुप किन छस् चुँडेल ? किन बोल्दिनस् ?"

"मैले कसरी यहाँको जिन्दगी बिगारुँला दादा !" भन्दै त्यो एक्कासि निचोरिई–

"मैले त यहाँलाई बारम्बार नाइँ भनेकी थिएँ ।"

पांडे दहाडे– "कुलदीप ! सोझो बाटोमा आइहाल ! राम्रो होला । तिमीले भैरौंको ममता देखेका छौ । जुन हातले मैले तिमीलाई पालपोस गरेर ठूलो बनाएँ, तिनै हातले तिम्रो घाँटी च्याप्न मलाई बेर लाग्नेछैन ।"

"दादा !" कुलदीप भकभकायो "हामी दुवै...।"

"पापी नीच ।" भैरौं पांडेका पाँचओटै छाप कुलदीपको अनुहारमा स्पष्ट देखिए । "म सोच्दथें कि तँ सुध्रिएलास् ।" पांडे क्रोधवश कामिरहेका थिए– "तर, नाइँ ! तँ त मेरो हत्या गर्न तमतयार भएको छस् ।"

त्यति भनेर तिनी फुलमततिर फर्केर कराए–

"किन उभिएकी छस् बोक्सी ! भाग ! नत्र तेरो घाँटी च्यापेर यसै पानीमा फालिदिनेछु ।"

तूफानलाई आफूभित्र तानिरहेको तृषाकुल सर्पको जस्तो स्वर– "यो सब मैले गरेको थिएँ" पांडे चारपाईमा घामल सर्पझैँ तडफडाउँदै फतफताए । तिनको छातीबाट चिप्लिएर रामायणको गुटिका भुइँमा खस्यो र त्यो पवित्र आराध्य वस्तुलाई उठाउने ध्यान पनि रहेन ।

कुलदीप अर्को दिन नै बेपत्ता भए । भैरों आफ्नो बैसाखीको सहारामा दिनभरि गाउँ-गाउँ भौतारिरहे, तर तिनी भेटिएनन् । थाकेर-हारेर पांडे फर्किए । पिता-पितामहको प्रतिष्ठाको प्रतीक यति विशाल घर जसका भित्ता मूक र शान्त पुजारीको तपझैँ अडिग उभिएका थिए । तर, कति सुनसान, भयावह, निष्प्राण पिञ्जरझैं लाग्दथ्यो त्यो विशाल घर । चौखटमा खुट्टा राख्दा पांडेको आत्माले आर्तनाद गऱ्यो– "गइहाल्यो !" बैसाखी राखेर पांडे आँगनको कुनामा बसे– "अब त्यो कहिल्यै फर्कनेछैन ।"

राती तिनलाई नींद लागेन । कुलदीपको बालापनदेखि आजसम्म तिनले कहिल्यै ओझेलमा पर्न दिएनन् । सानै उमेरदेखि खानपान गराए, पालपोस गरे र आज केटो धोका दिएर भाग्यो । पांडेले ओठरूपी मेडीका पछाडिको व्यथाको बाढीलाई रोक्ने असफल प्रयास गरिरहे । भोर हुन समय थियो । तंद्रित आँखा तीतै थिए, तर मनको जलनसामु त्यस व्यथाको मोल ! पांडे उठेर टहल्न थाले । सामुन्नेको बाँसघारीको भित्रबाट पूर्वी क्षितिजमा लालिमायुक्त प्रकाश प्रस्फुटित हुँदै थियो । गल्लीको मोडको कच्चा घरभित्रबाट जाँतोको घर्र-घर्र गुंजायमान हुँदै थियो । बादलको गडगडाहटजस्तो स्वर, जसको पछाडिबाट जाँतो घुमाउने नारीकण्ठको एउटा सुमधुर तान सुनिन्थ्यो–

"मोहे जोगिनी बना के कहाँ गइले रे जोगिया..."

(मलाई जोगिनी बनाएर कता गयौ ऐ जोगी ?)

पांडेले एक क्षण अवाक भएर यस वेदनामय गीतलाई सुने । तृषित, धुइँधुइँती घुमिरहेको, थोकेको स्वर पांडेको आत्मामा, मानौं समान वेदनालाई चिनेर पसिरहेका होस्– "अब रुन लागिस् चुडैल !" पांडे विक्षिप्तझैँ बरबराइरहे– "रोइरोईकन मर ! म के गरुँ ?"

बाढीको रातो पानीमा सूर्यास्त हुँदै थियो । पांडे बैसाखीको भरमा आएर ढोकामा उभिए । नदीतिर मानिसहरूको भीड उभिएको थियो । तिनी सुस्त-सुस्त त्यतैतिर लागे । सामुन्ने तीन-चार केटाहरू रहर (दाल)का सीट्ठा गाडेर पानीको बहाव नाप्दै थिएँ ।

"के गर्दैछस् छबीला ?" पांडेले बलात् अनुहारमा मुस्कुराहटको भाव ल्याउँदै सोधे ।

"देख्दैनौ लंगडा ! बाढी रोक्दैछौं ।"

पांडे मुस्कुराए– "जस्तो बाउ, त्यस्तै छोरो । तेरो बाउले पनि खूँडा गाडेर कर्मनाशाको बाढीलाई रोक्न चाहन्छ । त्यो भीड कस्तो हो छबीले ?"

"थाहा छैन ? फुलमतलाई नदीमा फाल्दैछन् । त्यसको बच्चालाई पनि । त्यसले पाप गरेकी छ ।"

त्यति भनेर छबीला फेरि गम्भीर उभिएका पांडेसँग टाँसिएर बोल्यो–

"कसो पांडे काका ! ज्यान दिएपछि बाढी साम्य हुन्छ नि !"

» क्रमश...

ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

सीताराम सफा सेनेटरी

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

तिनाउ सेनेटरी

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

विशाल सेनेटरी

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

# युवा संघका रविलाई छुरा हान्नेले गरे आत्मसमर्पण



बुटवल । छुरा प्रहारबाट हत्या गरिएका राष्ट्रिय युवा संघ नेपाल रुपन्देहीका पूर्वसदस्य रवि थापाको हत्याका दुई आरोपीले आत्मसमर्पण गरेको रुपन्देही प्रहरीले जनाएको छ ।

आत्मसमर्पण गर्नेमा बुटवलका किशोर कुँवर र पुष्पन कार्कीले शुक्रबार आत्मसमर्पण गरेका इलाका प्रहरी कार्यालय बुटवलका प्रमुख विजयराज पण्डितले जानकारी दिए ।

गत जेठ २ गते कालिकानगरको एक रेष्टुरेण्टमा छुरा प्रहारबाट घाइते भएका बुटवल-७ निवासी ३६ वर्षीय रविको उपचारका क्रममा असार १८ गते बिहान निधन भएको थियो । रविको हत्या आरोपीहरुले आत्मसमर्पण गरेकाले अब घटनाको थप अनुसन्धान अगाडि बढ्ने प्रहरीले जनाएको छ ।

राष्ट्रिय युवा संघ रुपन्देहीले घटनामा संलग्नलाई पक्राउ गरी कानूनी कारबाही गर्न र मृतकका परिवारलाई क्षतिपूर्ति दिन माग गर्दै दबाबमूलक कार्यक्रम गरेको थियो ।

# स्थापना दिवसमा आश्रमलाई सहयोग



बुटवल । सहकारीको सिद्धान्त अनुरुप सञ्चालन हुन नसकेका मुलकभर सञ्चालित सहकारी संस्थाहरुको आर्थिक अवस्था डिसव्यालेन्स देखिएका छन् । तर सहकारीको मुल्य, मान्यता, मर्म र सिद्धान्तलाई आत्म साथ गरेका सहकारीहरुको आर्थिक अवस्था राम्रो रहेको देखिएका छन् ।

त्यसका लागि सहकारीका शेयर सदस्यहरु नै सहकारीका मालिक र सहकारीको अनुगमनकर्ता भएकाले आफ्नो सहकारीको बारेमा जिज्ञासा राखिरहन जरुरी छ । बुटवलको सुख्खानगरमा संचालित धौलागिरी बहुउद्देशीय सहकारी संस्थाले आफ्नो २५औं स्थापनादिवशको अवसरमा शुक्रबार तिलोत्तमा नगरपालिका वडा नम्बर ६ मणिग्राम पश्चिममा रहेको रामचन्द्र मैनादेवी अनाथ आश्रममा खाद्यान प्रदान गरेको छ ।

सो समारोहमा सहकारीका अध्यक्ष गोबिन्द खनालले सहकारीको अवस्थाका बारेमा प्रकाश पार्दै सहकारीले सामाजिक उत्तरदाइत्व बहन गर्नु पर्दछ भन्ने मान्यतालाई आत्मसाथ गर्नका लागि अनाथ आश्रममा खाद्यान्य प्रदान गरिएको प्रष्ट पारे ।

कार्यक्रममा रामचन्द्र मैनादेवी अनाथ आश्रमकी संचालिका मैनादेवि भण्डारीले समाजमा असल कार्य गर्न निकै कठिन हुने भन्दै धौलागिरी सहकारीले आश्रमलाई सम्फेर जुन आर्थिक सहयोग प्रदान गरेकोमा धन्यवाद व्यक्त गरे ।

उनले सोही अवसरमा प्रमुख अतिथि रहेका तिलोत्तमा नगरपालिकाका प्रमुख रामकृष्ण खांणले आश्रमलाई गरेको हरेक सहयोगको सरहाना समेत गरेका थिए ।

कार्यक्रममा तिलोत्तमा नगरपालिकाका प्रमुख रामकृष्ण खाँणले अनाथ आश्रमलाई सहकारीले आफ्नो स्थापना दिवसमा सम्फना गरी खाद्यान्य वितरण गरेको विषयले अन्य यस्तै सहकारी र संघ संस्थाहरुलाई पनि मार्गनिर्देश भएको औंल्याए ।

आश्रम स्थापना गरेर रामचन्द र मैनादेविले गरेको कार्य संसारमाविरल्लै मानिसलेले गनभन्दै यस्ता मानविय सेवाभावमालाग्नेहरुलाई हरेक क्षेत्रवाट सहयोग गर्नु पर्ने धारणा राखे ।

खाद्यान्य वितरण समारोहमा सहकारीका व्यवस्थापक पुजा ज्ञवाली शेयर सदस्यहरु कर्मचारीहरुको सहभागिता रहेको सचिवठाकुरघिमिरेले बताए ।

# स्वरोजगार बन्न अस्मीताले सञ्चालन गरिन बुटिक



बुटवल । बुटवलमा दिया डिजाइनर बुटिक सञ्चालनमा आएको छ । लेडिजका सम्पूर्ण कपडासहित बुटवल-११ कालिकानगर शिवालय मन्दिर अगाडि दिया बुटिक सञ्चालनमा आएको हो ।

फेसन डिजाइनर राखेर बुटिक सञ्चालनमा ल्याइएको सञ्चालक अस्मिता न्यौपानेले बताइन् । १५ लाखको लगानीमा सञ्चालित बुटिकमा पाँच जनालाई रोजगारीसमेत दिइएको न्यौपानेले बताइन् ।

बुटवलमा यस्तो किसिमको आधुनिक बुटिक आवश्यक भएकै कारण आफूले सञ्चालनमा ल्याएको बताउँदै उनले बुटिकले मूल्य, गुणस्तर र समयलाई अरुभन्दा फरक किसिमले राखेको बताइन् ।

बुटिकमा लेडिजहरुलाई चाहिने अफिसियल, विहे, पार्टी, ब्रतबन्ध, बर्थडे, एनिभर्सरीलगायत सबै किसिमको सामान र देश तथा विदेशमा अनलाइन मार्फत सेवा दिइने सञ्चालकको भनाइ छ ।

विभिन्न कार्यक्रमका लागि ड्रेस समेत भाडामा दिइने बताइएको छ । बुटिकको एक कार्यक्रमकाबीच हिमान्शु बुटिक एण्ड ट्रेनिङ सेन्टरका प्रोपाइटर हिरा पेग्नीले उद्घाटन गरिन् । उनले लामो मेहनत र संघर्षले बुटिक सञ्चालन गर्न सफल भएकोमा प्रशंसा गरिन । बुटवलका लागि मात्रै नभएर यो बुटिक लुम्बिनी प्रदेशकै लागि अति आवश्यक रहेको भन्दै उनले सबैको रोजाइमा बुटिक पर्ने विश्वास व्यक्त गरिन् ।

अब लेडिजका लागि चाहिने सबै प्रकारका आधुनिक किसिमले बनाएका कपडा एउटै ठाउँमा उपलब्ध हुने भएपछि ग्राहकहरुलाई सहज हुने सञ्चालकको भनाई छ ।

# सिद्धबाबा हस्पिटल तथा रिसर्च सेन्टरद्वारा सेवा विस्तार




बुटवल । बुटवलमा रहेको सिद्धबाबा हस्पिटल तथा रिसर्च सेन्टर प्रालिले सेवा विस्तार गरेको छ । २०७५ सालमा स्थापना भएको अस्पतालले नयाँ सेवा अन्तर्गत इन्डोस्कोपी सेवा सुरुवात गरेको छ ।

रुपन्देहीको तिलोत्तमा बस्ने ८४ वर्षीय ईश्वरी गैरेको इन्डोस्कोपी गर्दै अस्पतालले आफ्नो सेवा विस्तार गरेको जनाएको छ ।

शिद्धबाबा अस्पतालमा ग्रान्डी अस्पतालमा काम गरेका ग्स्टो सर्जन डा आशिस विक्रम मल्लको नेतृत्वमा इन्डोस्कोपी सुरु गरिएको हो । सुविधा सम्पन्न रूपमा अत्याधुनिक उपकरणबाट यो सेवा प्रवाह गरिएको छ । डा मल्लले पछिल्लो समय धेरै जटिल रोगका लक्षणको आधारमा इन्डोस्कोपी जाँच गर्नुपर्ने अवस्था आएको बताउँदै व्यवस्थित रूपमा आफूहरूले विभिन्न रोगको इन्डास्कोपी गर्ने बताए । उनले रक्तस्राव हुने अल्सर, ट्यूमर वा क्यान्सर हटाउने प्रक्रियामा पनि इन्डोस्कोपीको प्रयोग हुने बताए । शिद्धबाबा अस्पतालमा सञ्चालक समितिका अध्यक्ष डा.दीपेश प्रधानले यो क्षेत्रमा निजी अस्पताल तथा क्लिनिकहरूमा भन्दा सुलभ दरमा उच्च प्राविधिको प्रयोग गरी गुणस्तरीय इन्डोस्कोपी सेवा प्रदान गर्ने दाबी गरे । उनले इन्डोस्कोपीको रिर्पोट पनि तुरुन्तै बिरामीलाई प्रदान गर्ने व्यवस्था मिलाएको बताए ।

शरीरमा घाउ नपारी शरीरको भित्री भाग परीक्षण गर्ने प्रक्रिया नै इन्डोस्कोपी हो । अस्पताल सञ्चालन एवं पूर्व अध्यक्ष डा शक्ति बस्नेतले छिटो समयमा पनि शिद्धबाबा अस्पतालले बताए । उनले मुटु रोग विशेषज्ञ, मिर्गौला रोग विशेषज्ञ, दम, छाती तथा फोक्सो रोग विशेषज्ञ, स्नायु तथा मस्तिस्क रोग विशेषज्ञसँगै अव छिटै क्यान्सर रोग परीक्षण तथा उपचार सेवा सुरुवात गर्ने योजना रहेको बताए ।

अस्पतालका प्रबन्धक प्रकाश न्यौपानेले अस्पताल विभिन्न सेवाको विशेषज्ञ चिकित्सक सहित २४ घण्टामा सेवा रहेको बताए । उनले छिटै अन्य विशेषज्ञ सेवा पनि घोषणा गर्ने तयारीमा रहेको बताए ।

# बुटवलमा खुल्यो म्यानुयल मेडिसिन एण्ड रिह्यावलिटेसन सेन्टर




बुटवल । बुटवल उपमहानगरपालिका वडा नम्बर ६ मैत्री पथमा म्यानुयल मेडिसिन एण्ड रिह्याविलिटेसन सेन्टर सञ्चालनमा आएको छ ।

हाडजोर्नी, मांसपेसी र नशा सम्बन्धी रोगहरुको उपचार गर्नेगरी फिजियोथेरापि चिकित्सकद्वय अवनिश खड्का र शुसिल चन्द्र अर्यालको संयुक्त २५ लाख लगानीमा सेन्टर सञ्चालनमा आएको हो ।

नेपालमै पहिलो पटक गन्सटेड काईरोप्राक्टिक तथा काठमाण्डौ पछि पहिलो पटक सकवेभ उपचार पद्धतिको सेवा सहित उपचार गर्नेगरी शुक्रबारबाट सेवा सुरु गरेको हो ।

सेन्टरको एक कार्यक्रमका बिच उद्घाटन गर्दै बरिष्ठ नसा रोग विशेषज्ञ डा. राजिव भण्डारीले नशा तथा हाडजोर्नीको उपचारमा थेरापीको भूमिका महत्वपूणर् रहने बताए । उनले बिदेशतिर उपचार पछि आवश्यक फिजियोथेरापी बिना बिरामी घर नपठाउने गरेको भएपनि नेपालमा त्यस्तो अवस्था नभएकोले सेन्टर सञ्चालनले निकै राम्रो सन्देश दिएको बताए ।

उनले बुटवल क्षेत्रमा यो किसिमको सेवा शुभारम्भ गरकोमा शुभकामना ब्यक्त गर्दै आफ्नो क्षेबबाट हुनसक्ने सहयोग गर्न प्रतिबद्धता ब्यक्त गरे ।

कार्यक्रममा बोल्दै सञ्चालक अवनिश खड्काले गन्सटेड काईरोप्राक्टिक पद्धिती नेपालमै पहिलो पटक सञ्चालनमा ल्याएको र भारतमा आफुले अध्ययन र काम गरेर बुटवलमा सेन्टर स्थापना गरेको बताए ।

सेन्टरबाट काइरो प्राक्टीक सेवा, म्यानुअल मेडिसिन सेवा, सकवेभ थेरापी सेवा , लेजर थेरापी, ड्राईनिडलिङ थेरापी सेवा, कपिङ थेरापी, टेपिङ थेरापी, स्पाईन एडजस्टमेन्ट, र पोस्चर करेक्सनका गरिने सञ्चालक खड्काले बताए ।

अर्का सञ्चालक शुसिल चन्द्र अर्यालले सेन्टरबाट उपलब्ध हुने सेवा सुविधाहरुको बारेमा बताउँदै शुभारम्भको अवसरमा निशुल्क परामर्श सेवा तथा ल्याब टेस्टमा २० प्रतिशत र सम्पूणर् उपचारमा २५ प्रतिशत छुट प्रदान गरिएको बताए ।

उनले ढाड कम्मर दुख्ने जोर्नि खिईने, घोडा दुख्ने, गर्धन दुख्ने, कुहीना दुख्ने कुरकुच्चा दुख्ने, हात खुट्टा पोल्ने, झमझमाउने, सिल्का हान्ने, खेलकुदमा हुने चोटपटक, अपरेशन हुनु अघि र पछिको पुर्नस्थापना, बाथ, युरिक एसिड, लिगामेन्ट चेतिएको, मिनिस्कस ईन्जुरी, पक्षघात, पार्किन सोनिजम , जिबिएस, स्पाईनल कर्ड ईन्जुरी, सेरेवल पाल्सी, अटिजम तथा सम्पुणर् हाडजोर्नि ,मांसपेसी र नशा सम्वन्धी समस्याहरुको उपचार गरिने जानकारी दिए ।


नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल

आले डेण्टल हस्पिटल प्रा. लि.

श्रवणपथ, बुटवल-६, रुपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)

071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com

दाँत, मुख तथा गिजा उपचार केन्द्र







"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"



ट्वाइलेट सफा गराउनुहोस्

बुटवल सेनेटरी प्रा.लि.

९७४५४०५९७३, ९८०७४०९८५२

सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।

गगन सेनेटरी ९८६७०२१६१४, ९८१५४४७६४८

मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५

शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३

गगन सेनेटरी (२) ९८०४४१३२८७, ९८१२९८६३१७

रियुस सेनेटरी ९८११४२८७३०

रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०



आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई सम्झनुहोस्

सम्पर्क:

आइडिया डिजाइनर्स/अफसेट प्रेस

बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)

यातायात मजदूर संघको भवनमा

फोन:-०७१-५५०२९३

मो.९८५७०३५३८०, ९८४७१२३९५७

E-mail:ideapressbtl@gmail.com



सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी

प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com